# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७

## बर्दगोरिया गाउँपालिका
## कैलाली




महालेखापरीक्षकको कार्यालय

काठमाडौँ, नेपाल

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**

**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७
च.नं. ४८३

मितिः २०७७/३/३०

श्री अध्यक्षज्यू,
बर्दगोरिया गाउँपालिका, कैलाली ।


**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

२०७७।३।३०
(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या:२०७६/७७ मिति: २०७७/३/३०
च.नं. ४८४

श्री अध्यक्षज्यू,
बर्दगोरिया गाउँ कार्यपालिकाको
कार्यालय, कैलाली ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले बर्दगोरिया गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.१ करोड २० लाख १९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१२ लाख ८४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७८ लाख ५६ हजार नियमित गर्नुपर्ने रु.२८ लाख ७९ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/११/१६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेस हुन आएकोमा प्रमाण कागजको अभावमा बेरुजू फर्छ्यौट हुन नसकेकाले प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना २० (बिस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहीत स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमूख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७८।१२।२०
(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# बर्दगोरिया गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५/७६

**परिचयः:** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न बर्दगोरिया गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारीता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । बर्दगोरिया गाउँपालिका अन्तर्गत ६ वडा रहेको ३४ सभा सदस्य ७७.२६ व.कि.मी. क्षेत्रफल, ३२६८३ जनसंख्या रहेको छ । यो गाउँपालिका सुदुरपश्चिम प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचित कोषः–**आर्थिक वर्ष २०७५।७६ को समग्र संचित कोष आयव्यय हिसावको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः

| सि.नं. | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | **रकम** | | **विवरण** | **रकम** | **रकम** |
| १ | **गत वर्षको जिम्मेवारी** | | ११४६९५७६ | १ | **चालु खर्च** | | १९७३८०४६९.३९ |
| | क) नगद | | ० | २ | **पूँजीगत खर्च** | | १२१०५३२१९ |
| | ख) बैंक | ११४६९५७६ | ० | ३ | **विषयगत निकायबाट प्राप्त रकम खर्च** | ० | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | | ७६६७०७८१.६६ | | **प्रदेश सरकारबाट प्राप्त अनुदान खर्च** | ० | ० |
| | क) आन्तरिक राजस्व | १८७६७२२६.४२ | ० | | **वित्तीय व्यवस्था भुक्तानी** | | ० |
| | ख) राजश्व बाँडफाँड | ५७९०३५५५.२४ | ० | | | | ० |
| | ग) प्रदेश राजस्व बाँडफाँड | | ० | | क) ऋण भुक्तानी | | ० |
| | घ) अन्य आय | | ० | ४ | ख) ब्याज भुक्तानी | | ० |
| ३ | **वित्तीय हस्तान्तरण** | | १७६३६६२०० | | ग) अन्य भुक्तानी | | ० |
| | क)वित्तीय समानीकरण अनुदान | १०१३००००० | ० | | **लगानी** | | ० |
| | ख) सशर्त अनुदान | ७५०६६२०० | ० | | ऋण लगानी | | ० |
| | ग) समपूरक अनुदान अन्य | | ० | ५ | शेयर लगानी | | ० |
| | घ) विशेष अनुदान | | ० | ६ | अन्य लगानी | | ० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | १०८२०००० | ७ | **धरौटी फिर्ता** | | ९०५८६० |
| | क)वित्तीय समानीकरण अनुदान | ७०३२००० | ० | | **को.ले.नि.का फिर्ता** | | ५८०५७८४.८३ |
| | ख) सशर्त अनुदान | ० | ० | | **कोष खर्च** | | १५२५२५३ |
| | ग) समपूरक अनुदान अन्य | ३७८८००० | ० | | **मौज्दात** | | २२९६२१९२.८ |
| | घ) विशेष अनुदान | ० | ० | | क) नगद मौज्दात | | ० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | ० | | ख) बैंक मौज्दात | २२९६२१९२.८ | ० |
| ६ | **अन्तर सरकारी तहबाट प्राप्त** | ० | ० | | ग) धरौटी बाँकी | | ० |
| ७ | **वित्तीय व्यवस्था प्राप्ति** | | ० | | घ) कर्मचारी कल्याण कोष | | ० |
| | क) ऋण प्राप्ति | | ० | | ङ) विपद् व्यवस्थापन कोष | | ० |
| | ख) साँवा प्राप्ति | | ० | | | | ० |
| | ग) ब्याज प्राप्ति | | ० | | | | ० |
| ८ | **विभिन्न कोषतर्फको आय** | | ० | | | | ० |
| ९ | **जनसहभागिता (नगद)** | | ० | | | | ० |
| १० | **विषयगत निकायबाट प्राप्त रकम** | | ६९६७६००० | | | | ० |
| ११ | **धरौटी आय** | | १९५८७८१ | | | | ० |
| १२ | **लगानीको साँवा फिर्ता** | | ० | | | | ० |
| १३ | **अन्य विविध आय** | | २६७१४४०.३६ | | | | ० |
| | **जम्मा** | | **३४९६३२७७९.०२** | | **जम्मा** | | **३४९६३२७७९.०२** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपरोक्त आर्थिक कारोवारहरुको पेश भएसम्मको स्रेस्ता र प्राप्त आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मूल्याङ्कन तथा स्वीकृत लेखापरीक्षण योजनाबमोजिम लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि जोखिम विश्लेषण, नमूना छनौट र लिखित प्रतिनिधित्वपत्रको आधारमा लेखापरीक्षण नीति, मानदण्ड, मार्गदर्शन, निर्देशन, एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यासका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निष्कर्षसहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी ब्यवस्थापन पक्षमा रहेको छ । रु.३ लाखभन्दा बढी खर्च भएका योजनाहरुको स्रेस्ता नमूना छनौटको माध्यमबाट लेखापरीक्षण गर्दा देखिएका व्यहोराका सम्बन्धमा कार्यालयका सम्बन्धित पदाधिकारीहरुसँग मस्यौदा प्रतिवेदनउपर मिति २०७६।११।१६ मा छलफल गरी कायम हुन आएका व्यहोराहरु निम्नानुसार छन्: | |
| | स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने, १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ मसान्तभित्र नै पारित गर्नुपर्ने ब्यवस्था अनुसार २०७५ आषाढ मसान्तभित्र बजेट गाउँ सभाबाट पारित भएको छ । | |

बजेट तथा कार्यक्रम

| **सि.नं.** | **कार्यक्रम** | **क्षेत्र** | **संख्या** | **बजेट रु हजारमा** |
|---|---|---|---|---|
| १ | गाउँपालिका स्तरीय पूर्वाधारका कार्यक्रमहरु | पूर्वाधार | १८ | ३३५०० |
| २ | वडा स्तरीय १-६ वडा कार्यक्रमहरु | पूर्वाधार लक्षित वर्ग | ११ | ४३२०० |

उपरोक्त कार्यक्रममध्ये गाउँपालिकास्तर तथा वडा स्तरका सवै पूर्वाधारको कार्यक्रम संयुक्त रुपमा कार्यान्वयनमा आएका जसमा सडक ग्राभेल तथा कालोपत्रे कार्य प्रमुख रुपमा रहेको देखियो । वडागत रुपमा सडक पूर्वाधार तर्फ उपभोक्ता समिती मार्फत सम्पादन भएका योजना, सडकको लम्वाई तथा खर्च भएको वजेट निम्नानुसार पेश भएको छ ।

| वडा न | सडक योजना संख्या | लम्बाई | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ८ | २४० मि | २६८०००० |
| २ | २४ | ६५० मि | ४६५०००० |
| ३ | ४ | १६०० मि | १७००००० |
| ४ | ६ | ९८०० मि | ३६००००० |
| ५ | १ | ६३५ मि | ५५००००० |
| ६ | १९ | ९४५९ मि | ५२००००० |
| जम्मा | ६२ | २८३१४ मि | २३३३०००० |

गाउपालिकाको सवै वडा स्तरीय ६२ वटा सडकहरु ग्राभेल , स्तरोन्नती कालोपत्रे समेत गरी २८३१४ मिटर लम्वाई सडक निर्माणमा रु २३३३००००। वजेट खर्च भएको छ । औषतमा प्रति कि मी सडकमा खर्च ८२३८००। परेको देखिन्छ । यसरी स्तरोन्नती कालोपत्रे गरेका सडकहरुमा संम्झौता अनुसार नै गाउपालिका बाट अनुदान रकम उपभोक्ता समितीलाई भुक्तानी भएको तर विलमा लगत स्टीमेट स्वीकृत भएको परिमाण तथा दर समेत वृद्धि गरी अन्तिम विल जारी गर्ने तर रिभाइज लगत स्टीमेट स्वीकृत नगर्ने अवस्था देखियो । उपभोक्ता समिती मार्फत हुने पूर्वाधारका योजनामा उपभोक्ताको

| | | |
|---|---|---|
| | बिलमा भेरिएशन स्वीकृत गर्न नमिल्ने सार्वजनिक खरिद नियमावलीको व्यवस्था रहेता पनि रिभाइज स्टीमेट समेत स्वीकृत वेगर अन्तिम विल प्राविधिक बाट स्वीकृत गरी भुक्तानी हुदै आएकोले यस्तो प्रवृतिमा नियन्त्रण हुनुपर्दछ । | |
| | **वित्तीय लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्:** | |
| १. | **आयको अनुमानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५००००००।- आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु.३०२३६८०२।४२ अर्थात अनुमान भन्दा ५०४.७४ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाउनेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| २. | **खर्च गर्ने अख्तियारीः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमूख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिनभित्र वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था भएपनि बजेट कार्यान्वयनको लागि अख्तियारी प्रदान गर्ने गरेको पाइएन । अतः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम बजेट खर्च गर्ने अख्तियारी प्रदान गरी खर्च गर्नुपर्ने पर्दछ । | |
| ३. | **आन्तरिक आयः**<br>कार्यालयले यो वर्ष रु.३०२३६८०२।४२ आन्तरिक आय प्राप्त गरेकोमा गाउँपालिका अन्तर्गतका ६ वटा वडाको आम्दानीसमेत एकमुष्ट केन्द्रले दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनीक प्राप्ति खाता, आयको मासिक विवरणसमेत बनाउने गरेको देखिएन । गाउँपालिकाको आयमा वडागत योगदान यकिन हुन सकेन । अतः आगामी दिनमा प्रत्येक वडाले मासिक आय विवरण तयार गरी गाउँपालिकामा पठाउने र गाउँपालिकाले वडागत विवरणसमेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ । | |
| ४. | **आयव्ययको लेखा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा गाउँपालिकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष एकल खाता कोष प्रणालीबाट सञ्चालन गरी भुक्तानी गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता, बहुक्षेत्रीय पोषण, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको बजेट स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेर खर्च गरेको, चालु र पूँजीगत खर्च शीर्षकको विनियोजन तथा नेपाल सरकारको आय तथा व्यय शीर्षकको शीर्षकगत लेखाङ्कन पालना स्थिति कमजोर रहेको, योजनागत खाता अद्यावधिक हुन नसकेको देखिन्छ । कार्यालयले तोकिएको विनियोजन तथा खर्च प्रणाली अवलम्बन गर्दै आय तथा व्ययको शीर्षकगत परिपालनामा विशेष ध्यान दिनुपर्दछ । | |
| ५. | **मध्यकालिन खर्च संरचना :**<br>अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहीत मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा ल्याएको छैन । स्रोतको बितरणमुखी प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लागतलाभ विश्लेषण गरी लागतप्रभावी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनुपर्दछ । | |

६. **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमूख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र गाउँपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा गाउँपालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायतका क्षेत्रगत बिषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

७. **नीति तथा कार्यक्रमको कार्यान्वयन स्थिति :**

निकायको आ.व. २०७५/७६ को नीति तथा कार्यक्रममा उल्लेख भएका तपसिल व्यवस्थाहरु कार्यान्वयन भएको देखिएन :

| सि न | क्षेत्रगत नीति | कार्यक्रम |
|---|---|---|
| १ | पूर्वाधार विकास | २५ वटा |
| २ | फोहरमैला वातावरण प्रकोप व्यवस्थापन | २१ वटा |
| ३ | सेवा प्रवाह संस्थागत विकास र सुशासन | १७ वटा |
| ४ | भवन निर्माण भुमी व्यवस्थापन | ११वटा |
| ५ | राजश्व परिचालन | ४ वटा |
| ६ | विविध | २१ वटा |

उपरोक्त अनुसार ६ वटा क्षेत्रगत नीति तथा कार्यक्रम अर्न्तगत ९९ वटा कार्यक्रमगत व्यवस्था लागु गर्ने भनि नगर सभामा प्रतिवद्धता व्यक्त गरिएकोमा देहायका नीति तथा कार्यक्रम कार्यान्वयनमा आएको देखिएन ।

- वृद्ध आश्रम सेफ हाउस आरोग्य केन्द्र स्थापना
- ५० शैयाको अस्पताल निर्माण कार्य
- zero home delivery अवधारणा कार्यन्वयन
- जटिवुटी उत्पादन प्रशोधन केन्द्र स्थापना
- ग्रामीण विद्युतीकरण सम्पन्न गर्ने
- वालमैत्री गाउपालिका को अवधारण कार्यान्वियन
- दिर्घकालीन गुरुयोजना निर्माण
- land field plane कार्यन्वयन

८. **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम

| | | |
|---|---|---|
| | गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ९. | **चौमासिक खर्चः**<br>गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.१२ करोड १० लाख ५२ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. १४ लाख ८६ हजार, दोश्रो चौमासिकमा रु. २ करोड ४५ लाख २२ हजार र तेश्रो चौमासिकमा रु.९ करोड ५० लाख ३२ हजार खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.५ करोड ६६ लाख ५१ हजार  अर्थात ४६।७९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । | |
| १०. | **सशर्त अनुदान-**<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्रअनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु लगायतबाट प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकामा अनुदानको रकम खर्च भई बाँकी रहेको रु.२०१९३६८।८३ संघीय संचित कोषमा दाखिला भएको छ । त्यस्तै प्रदेशबाट समपूरक अनुदानको रुपमा प्राप्त भएको रु.३७८८०००।- खर्च हुन नसकी प्रदेश सञ्चित कोषमा फिर्ता पठाएको छ । | |
| ११. | **राजश्व अभिलेख :**<br>लेखापरीक्षणको क्रममा गाउँपालिकाले राजस्व आम्दानीको निर्णय, असुली तथा दाखिलासम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको देखिएन । यसबाट गाउँपालिकाको वास्तविक राजस्व असुली र दाखिला यकिन हुन सकेन । गाउँपालिकाले यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| १२. | **व्यवसाय कर :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउन सक्ने व्यवस्था रहेको छ । गाउँपालिकाको आर्थिक ऐन, २०७५ ले अनुसूची ४ अनुसार व्यवसाय कर लगाई असुल गर्ने उल्लेख छ । यस गाउँपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत राखी उक्त लगत अद्यावधिक गरी लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाइएन । गाउँपालिका क्षेत्रभित्रका व्यवसायलाई व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ । | |
| १३. | **विभाज्य कोष : सुदुरपश्चिम प्रदेशको अर्थ प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयकको दफा ४** वमोजिम स्थानीय उठाउने प्राकृतिक स्रोतसमेतका दस्तुर सम्वन्धीत स्थानीय तह र प्रदेश सरकारलाई ६०:४० को अनुपातमा वाडफाड गनुपर्ने व्यवस्था छ । कार्यलयले यस वर्ष प्राकृतिक स्रोत तथा अन्य दस्तुरको रुपमा रु १२८५३०९९।९४ प्राप्त गरेकोमा ४०% अर्थात रु ५१४१२४०। प्रदेश कोषमा पठाउनु पर्नेमा  मिति २०७६।१।२३ मा रु ७०६६५२। र मिती २०७६।३।३० मा रु १८४९०७ गरी जम्मा रु ८९१५५९। मात्र प्रदेश कोष पठाएको पाइयो । अत: प्रदेश कोष पठाउनु पर्ने वाकी रकम रु ४२४९६८१ अविलम्व प्रदेश कोषमा दाखिला गर्नुपर्ने देखिएको रु | ४२४९६८१ |
| | **नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छनः** | |
| १४. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाउँपालिकाको प्रोफाइल तयार | |

| | | |
|---|---|---|
| | गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी स्रोत नक्साङ्कन वा गाउँ प्रोफाइल तयार गरेको छ । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १५. | **कर्मचारी व्यवस्था :**<br>निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपूर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा रहने कर्मचारी दरवन्दी ३३ रहेता पनि पदपूर्ति १४ रहेको देखियो । अधिकृत छैठौं सहित १९ पद रिक्त रहेका छन् । तिमध्ये अधिकृत छैठौं इन्जिनियरसहित ५ जना करारमा राखी कार्यसञ्चालन गरिएको छ । जनशक्तिको अभावमा गाउँपालिकाको कार्यसम्पादन र सेवाप्रबाहमा समेत असर परेकाले दरबन्दी अनुसार पदपूर्ति गरिनुपर्दछ । | |
| १६. | **आन्तरिक नियन्त्रण प्रणाली** :<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । यस सम्बन्धी अन्य व्यहोराहरु तपसिल अनुसार रहेका छन् ।<br>● सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन ।<br>● जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको छैन ।<br>● मूल्य खुल्न नसकेका सामानहरुको मुल्य खुलाई राख्नुपर्नेमा केहि सामानहरुको मूल्य खुलाएको छैन ।<br>● मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई समय मै नदिई आर्थिक वर्षको अन्त्यमा मात्र दिएको<br>● स्वीकृत कार्यक्रम अनुसार चौमासिक खर्च गर्नुपर्नेमा कुल खर्चमध्ये अधिकांश रकम तेश्रो चौमासिकमा खर्च गरेको,<br>● कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,<br>● वार्षिक कार्यक्रम अनुसार अनुगमन मूल्याङ्कन प्रतिवेदन दिने नगरेको,<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानिय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै तोकी सक्नु पर्नेमा दररेट तोकेको छैन ।<br>● कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गरी रसिद, बिल, भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले "भुक्तानी भएको" जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार गरेको छैन ।<br>● कार्यलयले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) बमोजिम वस्तु तथा सेवा आपुर्तिको लागि मौजुदा सूची तयार गरिएको पाइएन । | |

| | | |
|---|---|---|
| | • यस गाउँपालिकाले ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिजेन्सि खाता राखेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको छैन ।<br>• विभिन्न आयोजनाहरुको लागि निर्माण सामाग्री ढुवानी गर्दा ढुवानीको कर बिजक जारी गर्नु पर्नेमा नगरी भर्पाइ मात्र संलग्न गरेको पाइयो ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु.१० लाख भन्दा बढिको निर्माण कार्य गराउँदा  विमा गराउनु पर्नेमा कुनै पनि ठेक्कामा विमा गराएको छैन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको छैन ।<br>• सार्वजनिक निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति उल्लेख गरेको छैन ।<br>• वार्षिक कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमका प्रत्येक क्रियाकलापहरुमा अनुगमन तथा मुल्याङकनको लागि एकमुस्ट राखी भ्रमण खर्च नियमावली अनुसार खर्च गर्नु पर्नेमा नगरेको<br>• खर्च संकेत वर्गिकरण र व्याख्या अनुसार वार्षिक कार्यक्रम तयार गरेर लेखांकन गर्नुपर्नेमा उक्त कार्य नगरेको,<br>• कन्टिन्जेन्सी खर्चको अभिलेख रजिष्टर नराखेको,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण बनाई लागु नगरेको,<br>• कार्यक्रमगत खाता नराखेको कारण कार्यक्रमगत प्रगति यकिन गर्न नसकिएको<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको,<br>• सम्पन्न भएका योजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको, | |
| १७. | **रसिद नियन्त्रण प्रणाली :**<br>कार्यालयले रसिद हानी नोक्सानी एवं दुरुपयोग नहोस भन्नका लागि रसिद नियन्त्रण खाता राख्नुपर्नेमा सो खाता राखेको देखिएन । जसले गर्दा गतवर्षको रसिद मौज्दात, यस वर्ष छपाई गरेको रसिद संख्या, यस वर्षको रसिद प्रयोग स्थिति तथा रसिदको बाँकी रहेको मौज्दातसमेत यकिन हुन सकेन । कार्यालयले रसिद नियन्त्रण खाता राखी सो खातामा आम्दानी र खर्च विवरण व्यवस्थित रुपमा राख्नुपर्ने देखिन्छ । कतिपय वडाले आफैंले छापेरसमेत आय रसिदको प्रयोग गरेको पाइयो । अत: कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण र  व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखिन्छ । राजश्व सफ्टवेयरबाट शुल्क दस्तुर असुली गर्दै आएकाले रसिद नियन्त्रण खाता नराखेको कार्यालयले जानकारी दिएको छ। | |
| १८. | **बार्षिक खरिद योजना/ गुरुयोजना -**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १२१०५३२१९-पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अत: गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद | |

योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१९. **सवारी साधन खरिदको विवरण** : गाउँपालिकामा भएका सवारी साधन सम्बन्धी विवरण देहायबमोजिम छः

| क्र. सं | सवारी साधन | खरिद संख्या | मूल्य | प्रयोग गर्ने पदाधिकारी संस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | मोटरसाइकल | ३ | ६३२७०० | कर्मचारी तथा पदाधिकारी | |
| २ | स्कुटर | २ | ४०३८०० | | |
| ३ | एम्बुलेन्स | १ | १०९७५०० | | |
| ४ | ट्याक्टर | १ | १७२०००० | | |

२०. **सेवाप्रवाहको स्थिति :**

गाँउपालिकाले नियमानुसार जनतालाई सेवा सुविधा दिनुपर्दछ । यस वर्ष गाउँपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| १ | स्वीकृत घर नक्सादर्ता पास (पुरानो २० तथा नयाँ ४) | २४ |
| २ | अस्थायी इजाजत प्रदान Lower Tie Bim Level | |
| ३ | स्थायी इजाजत प्रदान म्एन्ह्र Level 2074/75 | |
| ४ | निर्माण सम्पन्न सिफारिस (पुरानो तथा नयाँ) | |
| ५ | निर्माण सम्पन्न हुन बाँकी | |
| ६ | नक्सा पास नभएका पुराना घरहरुको अभिलेखीकरण | |
| | **पञ्जिकरण तर्फ** | |
| ७ | जन्मदर्ता | ७५९० |
| ८ | मृत्यू दर्ता | |
| ९ | बसाईसराई दर्ता | |
| १० | बिबाहदर्ता,सम्बन्ध विच्छेद दर्ता | |
| | **अन्य सिफारिर्स** | |
| ११ | घरबाटो सिफारिस | १८८४ |
| १२ | नागरिकता सिफारिस | ४५२२ |
| १३ | नाता प्रमाणित | १२६५ |
| १४ | अन्य | १८३३ |
| | **पूर्वाधार विकास सडक निर्माण** | |
| १५ | कालोपत्रे सडक निर्माण | |
| १६ | कालोपत्रे सडक मर्मत | |
| १७ | ग्राभेल सडक निर्माण | |
| १८ | ग्राभेल सडक मर्मत | |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार गाउँपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा आएको देखिएन । सिफारिस लगायतका अत्यावश्यक सेवा समेत दिन नसेकेको गाउँपालिको सेवाप्रवाहको स्थितिमा सुधार हुनु पर्दछ ।

२१. **कानून निर्माण र कार्यान्वयन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस वर्ष गाउँपालिकाले तर्जुमा गरेका निम्न कानूनहरु राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएका छन् :

| सि.नं. | कानूनको नाम |
|---|---|
| १. | बर्दगोरिया आर्थिक ऐन |
| २. | बर्दगोरिया विनियोजन ऐन |
| ३. | बर्दगोरिया सहकारी ऐन |

| | | | |
|---|---|---|---|
| | ४. | बर्दगोरिया एफ एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि | |
| | ५. | अपाङ्ग कार्यविधि | |
| | ६. | घ वर्ग इजाजतपत्र कार्यविधि | |
| | ७. | गाउँपालिका नगरपालिका आपतकालिन कार्यसञ्चालन विधि | |
| | ८. | स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि | |
| | ९. | न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि | |
| | १०. | बर्दगोरिया स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि | |
| | ११. | बर्दगोरिया शिक्षा नियमावली | |
| | १२. | बर्दगोरिया बस्तुगत विवरण कार्यविधि | |
| | १३. | बर्दगोरिया प्रशासकीय कार्यविधि | |
| | १४. | बर्दगोरिया नमूना विद्यालय निर्देशिका | |
| | १५. | बर्दगोरिया गाउँपालिका न्यायिक समिति कार्यविधि | |
| | १६. | गाउँ सभा सञ्चालन कार्यविधि | |
| | १७. | बर्दगोरिया गाउँ कार्यपालिकाको बैठक सञ्चालनसम्बन्धी कार्यविधि | |
| | १८. | बर्दगोरिया गाउँकार्यपालिका कार्यविभाजन नियमावली | |
| | १९. | बर्दगोरिया गाउँकार्यपालिका कार्य सम्पादन नियमावली | |
| | २०. | बर्दगोरिया गाउँपालिका विपद् व्यवस्थापन कार्यविधि | |
| | २१. | कृषि बजार विकास तथा व्यवस्थापन निर्देशिका | |
| २२. | | **कल्याण कोष** :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानूनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधी उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । सो व्यबस्था अनुसार कल्याण कोषमा गत बर्षको मौज्दात रु.७०१४४०.३६ रहेकोमा यस वर्ष रु.५०००००।- एकमुष्ट थप गरी रु.१२०१४४०।३६ जम्मा भएकोमा यस वर्ष रु.८०५१६८।- खर्च भई कल्याण कोषमा रु.३९६२७२।- बाँकी रहेको छ । गाउँपालिकाले ऐनको व्यवस्था अनुरुप रकम कट्टा गरी कल्याण कोषमा जम्मा गर्नुपर्दछ । कल्याण कोषको रकम कार्यविधि निर्माण गरी खर्च गर्नुपर्दछ । | |
| २३. | | **विपद व्यवस्थापन कोषः** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७० को व्यवस्था वमोजिम नगरपालिकाले आकस्मिक कोषको रुपमा नगर स्तरीय विपद व्यवस्थापन कोष स्थापना गरेको छ । विपद व्यवस्थापन कोषको गत वर्षको मौज्दात रु ३००००० र यो वर्षको आय रु १४७००००। प्राप्त गरेको छ । सो कोषबाट नगरपालिकाको निर्णय वमोजिम रु ७१९९७५। विपद पिडीतहरुलाई वितरण गरी वर्षान्तमा कोष मौज्दात रु ३७४९९७५। रहेको देखिन्छ । | |
| २४. | | **न्यायिक समिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा न्यायिक समितिको व्यवस्था रहेको छ । गाउँपालिकाले ३ सदस्य रहेको न्यायिक समिति गठन गरेको छ । सूक्ष्म ढंगबाट विवादको विषयवस्तुको विश्लेषण गरी विवाद न्यूनीकरणलाई सहयोग पुऱ्याउने सम्बन्धी कार्यक्रमको सञ्चालन गर्नुपर्ने, त्यसैगरी गाउँपालिकाले न्यायिक समितिको क्रियाशीलता र प्रभावकारिता बढाउनुपर्ने हुँदा न्यायिक समितिलाई विवाद समाधानमा जिम्मेवार र जवाफदेही तुल्याई सर्वसाधारणलाई कम खर्चिलो, सरल र छरितो न्याय प्रदान गर्न गाँउपालिकाले विशेष ध्यान दिनुपर्दछ । | |
| २५. | | **स्थानीय तहका पदाधिकारी सुविधा :**<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा | |

प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्थाअनुसार गाउँपालिकाबाट देहायबमोजिम रु. ३६६१२००/- सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष ६जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य १८ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | मासिक सुविधा | ३०००० | २५००० | २०००० | ८००० | ५००० | ३६३६००० |
| २. | सञ्चार सुविधा (मासिक दरमा) | ११०० | १००० | | | | २५२०० |
| जम्मा | | | | | | | ३६६१२०० |

**कार्यक्रम तथा योजनागत खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा देहायबमोजिम छन्:**

२६. **योजना र कार्यान्वयनः**
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलप्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने ब्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने ब्यवस्था छ । सो अनुसार दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको पाईएन । योजना तयारी सम्बन्धी कानूनी ब्यवस्थाको पालना गरिनु पर्दछ ।

२७. **लक्ष्य प्रगतिको स्थितिः**
गाउँपालिकाले सञ्चालन गरेका कार्यक्रमको चौमासिक प्रगति विवरण पेश गर्नुपर्नेमा गाउँपालिकाले प्रगति विवरण तयार गरेको देखिएन । गाउँपालिकाबाट सञ्चालित ८ वटा मूल कार्यक्रमका ३७२ सहायक कार्यक्रममध्ये ४१ कार्यक्रममा शुन्य प्रगति रहेका तथा ३३० कार्यक्रमको औषत प्रगति ७५ प्रतिशतसम्म रहेको पाइयो । कार्यालयबाट सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरका सबै आयोजनाको निर्धारित ढाँचामा प्रगति विवरण तयार गर्नुपर्नेमा कार्यक्रमगत खर्च तथा प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ ।

२८. **प्राविधिक बिल र कार्य सम्पन्नः**
सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

२९. **सभाको निर्णय कार्यान्वयन-**
मिति २०७५।३। मा सम्पन्न गाउँपालिकाबाट पारित विभिन्न क्षेत्रगत ६ वटा कार्यक्रम तथा अन्तर्गतका ९९ वटा सहायक कार्यक्रमसमेतको कार्यान्वयनको स्थितिसहितको सभाको निर्णय र प्रतिवेदन माग गरिएकोमा उपलब्ध हुन सकेन । अत सभाको निर्णय कार्यान्वयन स्थिति प्रतिवेदन तयार गरी वर्षान्तमा समिक्षा गर्नुपर्दछ ।

| | | |
|---|---|---|
| ३०. | **उपभोक्ता समिति छनौट -**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्रही समूदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौताबाहेक सम्झौतापूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ । | |
| ३१. | **खर्च अनुमोदन–**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका र बिल भुक्तानीको लागि प्राविधिक मूल्याङ्कन पेश गर्ने गरेको भएता पनि अन्य बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिको पूर्ण बैठकबाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । कार्यालयले समेत अनुगमन समितिको खाली प्रतिवेदनमा हस्ताक्षर गरेको आधारमा खर्चको सुनिश्चितता यकिन गरी भुक्तानीको लागि पेश गर्ने गरेको अवस्था देखिन्छ । नियमको प्रावधानबमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी एवं यथार्थपरक बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ३२. | **योजना हस्तान्तरणः**<br>निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्नेमा कार्यालयबाट सञ्चालित बार्षिक विनियोजन भएका योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका सम्झौता अनुसारको कार्यको मात्र कार्य सम्पन्न प्रतिवेदन बनाई बार्षिक कार्यक्रम अनुसारको योजना सम्पन्न भएको यकिन गर्ने प्राविधिकहरुको प्रबृत्तिका कारण योजना पूर्ण रुपमा सम्पन्न हुने स्थिति नरहेको देखियो । योजनाहरु सम्पन्न भैसकेपश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनैपनि योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेतको हस्तान्तरण गर्ने गरेको छैन । समयमा नै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समिति मै रहने गरी हस्तान्तरण गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |
| ३३. | **सार्वजनिक तथा सामाजिक परीक्षणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाबाट बार्षिक सम्पन्न योजनाहरु कार्यालयको सेवाप्रबाह सम्बन्धमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण भए गरेको पाईएन । ऐनले तोकेअनुसार कार्यान्वयन भएका योजनागत विकास निर्माणका कार्यको सार्वजनिक एवं सामाजिक परीक्षण गर्ने व्यवस्था सुरु गर्नुपर्ने देखिन्छ । | |
| ३४. | **गुणस्तर परीक्षणः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका | |

मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका यन्त्र उपकरण, ल्यापटप लगायत सवारी साधनको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः खरिद भएको निर्माण सामाग्री लगायतका यन्त्र औजार लगायतका सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ ।

३५. **कन्टिन्जेन्सी खर्चको अभिलेख–**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । यसले गर्दा पूँजीगत एवं चालु खर्चमा कन्टिन्जेन्सी खर्चको अवस्था यकिन गर्न सकिएन । कार्यालयले कन्टिन्जेन्सी खर्चको कार्यक्रमगत आम्दानी खर्चको अभिलेख राखि कन्टिन्जेसी रकमको तोकिएको क्षेत्रमा उपयोग तथा नियन्त्रणको व्यवस्था गरिनुपर्दछ ।

**वित्तिय समानिकरण (पूँजीगत)**

३६. **मुल्य अभिबृद्धि करः**

आर्थिक विधेयक, २०७६ ले मू.अ.कर ऐन, २०५२ मा गरेको संशोधित व्यवस्था एवं मू.अ.कर नियमावली, २०५३ को २१ औ संशोधनअनुसार ६(ग) को थप व्यवस्थाले कार्यालयले ठेक्का, परामर्श, सामान आपूर्तिमा आर्पूतकलाई बिजकअनुसार थप भुक्तानी हुने मूल्य अभिबृद्धि कर रकमको ५० प्रतिशतले हुनआउने रकम कार्यालयबाट भुक्तानी खर्च लेख्दा कट्टा गरी सम्बन्धित आर्पूतकको स्थायी लेखा दर्ता रहेको आन्तरिक राजस्व कार्यालयको कोडमा नै दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा गाउँपालिकाले २०७६ जेष्ठ १५ पछाडीका भुक्तानीमा थप दिएको मु.अ.कर रकमको ५० प्रतिशतले हुने रकम कट्टा नगरी पुरै मु.अ.कर भुक्तानी दिएको देखियो । परीक्षण भएका भौचरहरुको आधारमा देखिएका उल्लेखनीय मू.अ.कर कट्टी नगरेको कर रकमको मु.अ.कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु.

| गो भौ न । मिती | संस्था । विल न | विल रकम | मु अ कर | ५०% हुने मु अ कर |
|---|---|---|---|---|
| १९४/२०७६/३/९ | वैजनाथ विल्डर्स प्रा लि( ६०६७७६४३७) ३० | १९७६६२८ | २५६३११ | १२८१५५ |
| १३६/२०७६/३/७ | एल वि ड्रिलिङ प्रा लि( ३०३७५०२४८) ७ | १०२५१०० | १३३२६३ | ६६६३१ |
| १३७/२०७६/३/७ | ज्यमालिका नि सेवा( ६००२६०६५५) ३, हातले लेखेको | २६३२४७ | ३४२२२ | १७१११ |
| १५८/२०७६/२/२१ | वलकुमारी स्टील प्र उ २४,२५ | २४२००० | ३१४६० | १५७३० |
| १९३/२०७६/३/९ | तुलसी निर्माण सेवा( ३०२५३५५५४) १ | ३७३७६७ | ४८५८९ | २४२९५ |
| २०२/२०७६/३/१० | दक्षिण कष्ट्रक्सन( ३०२७६४१३८) | ४४०९६० | ५७३२५ | २८६६२ |
| २३६/२०७६/३/२४ | रिधान कन्सल्ट प्रा ली धनगढी | १७५०००० | २२७५०० | ११३७५० |

५२४००९

| | | | | |
|---|---|---|---|---|
| २६७/२०७६/३/३० | भूमीपुत्र अटो एण्ड ट्रेड प्रा लि(६०६५८६७९१) १० | १९९५००० | २५९३५० | १२९६७५ |
| **जम्मा** | | | | **५२४००९** |

| | | |
|---|---|---|
| ३७. | **नर्म्सवेगर भुक्तानी**: नर्सरी निर्माण तथा विरुवा उत्पादनका लागि ५०००० गोटा विभिन्न जातका विरुवाको लागि रु ९ लाख वजेट विनियोजन भए अनुसार उपभोक्ता समिती संग सम्झौता भएको छ । विरुवा उत्पादन , नर्सरी निर्माण तथा घेरावन्दीको लागि प्रति विरुवा उत्पादन लागत रु १० पर्ने गरी जिल्ला वन कार्यालयले नर्म्स स्वीकृत गरी निजी नर्सरी बाट समेत विरुवा उत्पादन गर्ने कार्य लमसममा राखी रु ४८५०३७ अनुमान गरिएको ,तारवार सहितको वृक्षारोपण ५ हेक्टर को रु १५००००, नर्सरी निर्माण-१ को ल इ नगरी विल पेश भएका आधारमा रु १५००००। को खर्च देखाएको छ । नम्स अनुसार ५० हेक्टरका लागि सम्झौता भएका विरुवाको लागि लाग्ने लागत ५०००००। हुन आउछ । तर कार्यालयले नम्स वेगर लमसममा उक्त कार्यको लगत अनुमान तयार गरी रु ११६०३१७ को मापन मूल्याकंन भई सम्झौता अनुसार भुक्तानी दिएको रकम अनियमित देखिएको रु | ९००००० |
| ३८. | वडा न ५ अर्न्तगतका ४ वटा ग्रामीण वाटोहरु विग्रेकोमा खाल्टाखुल्टी पूर्ने तथा सुधार गर्ने भनि रु ५००१०४।३४ को स्वीकृत ल इ अनुसार अविनास निर्माण सेवालाई रु ४९४०४०। मा कार्य गराई भुक्तानी दिएको छ। उक्त ४ वाटोमा गर्नुपर्ने कार्यको mesurment नरहेको, कहांदेखि कहा सम्मको दुरीमा माटो पुरेको , ग्राभेल भरेको सो समेत change उल्लेख नगरेको, साथै भुक्तानी माग भएको विल समेत स्वीकृत भई पेश नभएकोले प्रमाणवेगर खर्च भएको रु. | ४९४०४० |
| ३९. | वडा न ४ अर्न्तगतका ३ वटा ग्रामिण सडकहरु मा मर्मत तथा ग्राभेल फिलिङको कार्य उपभोक्ता मार्फत गराई रु ६३६६६४।७५ को कार्य सम्पन्न प्रतिवेदनका अधारमा रु ५०००००। भुक्तानी भएको छ । उक्त ३ वटा कच्ची सडकमा के कति क्षेत्रमा बाटो मर्मत भएको हो सो को change सहित मर्मत कार्यको नापी किताव अद्यावधिक नगरेको , कार्य सम्पन्न प्रतिवेदनमा समेत ग्राभेल भरेको परिमाण समेत एकिन नगरी वडाको सिफारिसको आधारमा भुक्तानी भएको रु. | ५००००० |
| ४० | **निर्माण सामग्री खरिद**<br>कार्यालयले देहाय अनुसार निर्माण सामग्री खरिद गरेको छ । यसरी सामग्री खरिद गर्नुपूर्व स्वीकृत लागत अनुमान अनुसार प्रयोग हुने योजनासमेत निश्चित गर्नुपर्नेमा निर्माण सामग्री मात्र सिधै खरिद गरेको देखियो । यसरी कार्यक्रम वेगर खरिद भएका रु.२५०२९९९ मूल्यका निर्माण सामान प्राविधिकबाट नापी कितावमा खर्च जनाई योजनाको बिल अनुसार जिन्सीबाट यस्ता सामान खर्च घटाउनु पर्नेमा उक्त सामानहरु जिन्सीमा मौज्दात समेत नदेखिएकाले खरिद गरेका सामानहरु हिनामिना हुने स्थिति देखियो । यसरी खरिद भएका परिमाणका निर्माण सामग्रीहरु कहाँ कुन अवस्थामा छन्, यकिन गरी आगामी वर्षको कार्यक्रममा उपयोग गरी खर्च गरेको प्रमाण पेश हुनुपर्ने रु. | २५०२९९९ |

| गो भौ न । मिती | आपूर्तक | सामग्री विवरण | रकम रु |
|---|---|---|---|
| २४०/२०७६/३/२७ | श्रीपुर ह्युमपाइप ई | Np3-450mm dia-29pc | ४९८१७६ |
| २४९/२०७६/३/२७ | रामदुत कंकिट उद्योग | Np3-600mm dia-21pc | ४८८२१८ |
| २५०/२०७६/३/२७ | चक्रेश्वरी ह्युमपाईप ई | Np3-600mm dia-21pc | ४८८२१८ |
| ११६/२०७६/१/२३ | भागेश्वर ह्युमपाइप इ | Np3-900mm dia-8pc<br>Np3-600mm dia-8pc | ४८२३७४ |
| १४६/२०७६/२/१९ | भागेश्वर ह्युमपाइप इ | Np3 psc विद्युतपोल ८ मि-१९ थान | १४६९०७ |

| | | | |
|---|---|---|---|
| १८१/२०७६/३/५ | वर्दगारीया ह्यूमपाइप उद्योग | Np3-450mm dia-8pc<br>Np3-600mm dia-11pc | ३९९१०६ |
| जम्मा | | | २५०२९९९ |

४१. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ ख (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरि टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२(१) मा विस लाख रुपैयाभन्दा कम रकमको परामर्श सेवा मौजुदा सूचीमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिने र गुणस्तर र लागत विधि अनुसार प्रस्ताव मुल्याङ्कन गरी परामर्शदाता छनौट गर्नुपर्ने व्यवस्था छ । परामर्शदाताले तयार गरेको सर्वे डिजाइन र लागत अनुमानको प्रतिवेदन तोकिएको गुणस्तरको भए नभएको सम्बन्धमा परीक्षण तथा मूल्याङ्कन हुने Draft Report मा सुझावसहित प्रतिवेदन अन्तिम रुप दिने गरेको समेत देखिएन । यसरी तयार गरेका प्रतिवेदनलाई नगर सभाबाट अनुमोदन गराई कार्यान्वयनमा ल्याउनुपर्दछ ।

| गो भौ न । मिती | कार्यक्रम विवरण | परामर्शदातको नाम | भुक्तानी रकम रु |
|---|---|---|---|
| १२/२०७६/८/४ | कुइरा नदि काडा नदिको डि पि आर | Acting and innovation for eng solution pvt | ९८३१०० |
| २३/२०७६/९/१० | गउपालिका भवनको डि पि आर | Seimo teach eng consultancy | ९८८७५० |
| ३७/२०७६/९/२७ | जय धर्मकाली भगवती मा वि भवन डि पि आर | Visionary desingn pvt ltd | ९७७४५० |
| ४८/२०७५/१०/१५ | गउपालिका भवनको डि पि आर | नेपाल इन्भारमेन्ट एण्ड इन्जिनीयरिङ कन्सल्टेन्सी सर्भिसेज | १६७८०५० |
| ७८/२०७६/११/२७ | वडा न ५ वडा कार्यालय भवन डि पि आर | पेशो कन्सल्टेट प्रा लि | १९४९२५० |
| जम्मा | | | ६५७६६०० |

४२. **बर्षान्तमा रकमान्तरः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहको कार्यपालिकाले स्वीकृत वार्षिक स्वीकृत बजेटको आधारमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने उल्लेख छ । गाउँपालिकाको नीति तथा कार्यक्रममा योजना कार्यान्वयन सम्बन्धमा बैशाख मसान्त पछि यस्तो रकमान्तर तथा उपभोक्ता सँग सम्झौता कार्यान्वयन नगरिनेसमेत उल्लेख छ । यो वर्ष कार्यापालिकाले पटके निर्णयबाट स्वीकृत योजनाबाट तपसिल

बमोजिमका योजना तथा कार्यक्रममा तपसिलबमोजिम रकमान्तर गरेको देखियो । कार्यालयले योजना तर्जुमा गर्दा विस्तृत सर्भेक्षण तथा प्राथमिकीकरण गर्न नसक्दा गाँउसभाबाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन हुन नसकी रकमान्तर गरी अन्यत्र खर्च गर्नुपर्ने अवस्था देखियो । अतः योजनाको विस्तृत सर्भेक्षण तथा प्राथमिकता निर्धारण गरी बजेट तर्जुमा गरेर कार्यक्रम कार्यान्वयनमा कार्यालयले बिशेष ध्यान दिनुपर्दछ ।

| सि न | विनियोजत शिर्षक | रकम | रकमान्तर भएको शिर्षक | रकम |
|---|---|---|---|---|
| १ | चालु खर्च तर्फ खर्च नभई वाकी कार्यक्रमहरु | १९४८००० | विभिन्न १-६ वडागत रुपमा ३१ वटा सडक ग्राभेल , मर्मत , घेरावार पर्खाल कामका योजना | १९४८००० |
| २ | २३ वटा कार्यान्वयन हुन नसकेका वडागत योजनाहरु | ११५७५००० | अपाङ्ग संस्थालाई अनुदान, कम्प्यूटर तालिम , विद्यालयलाई it सामान खरिद ह्युमपाइप, ग्राभेल , वाटो चौडा पार्ने , शौचालय निर्माण जस्ता ३० योजनाहरु | ११५७५००० |
| ३ | तटवन्ध, ह्युमपाइप, सिप विकासका ४ योजनाहरु | ९७०००० | ह्यूमपाइप खरिद | ९७०००० |
| | | जम्मा | | १४४९३००० |

४३. **उपभोक्ता समितिले सम्झौता अनुसार कार्यान्वयन जिम्मा लिएको निर्माणको काम निर्माण व्यवसायी मार्फत गराएको :**

**क**).उपभोक्ता समितिलाई निर्माण कार्यको बढीमा रु.१ करोडसम्मको लागत अनुमानको कार्य उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउन सकिने व्यवस्था छ । यसरी उपभोक्ताले सम्झौता गरी लिएको योजना पुनः तेस्रो पक्षलाई करार गराई दिन नमिल्ने उल्लेख भएकोमा कार्यालयसँग सम्झौता गरेका अधिकांश ग्रामिण सडक लगायतका योजनाहरु उपभोक्ताले ठेकेदारसँग पुनः सम्झौता गरी ग्रामिण सडकमा एक्साभेटर, लोडर, टिपर लगाएर खनी ठेकेदारको बिल संलग्न गरी भुक्तानीको लागि पेश गर्ने गरेको देखियो । प्राविधिकहरुले लागत अनुमान तयार गर्दा जनश्रमदानको Component अनुसारको कम यकिन गरी कुल लागत अनुमान तयार नगर्ने, सम्झौताअनुसारको भुक्तानी बिल तयार गर्दासमेत उपभोक्ताको सम्झौतामा कबोल अंकको जनश्रमदानको Component अनुसारको कामको मूल्याङ्कन बिल तयार नगरेकाले कार्य सम्पन्न प्रतिवेदनमा एकमुष्ट कुल मूल्याङ्कन रकमबाट भुक्तानी हुने अंश कट्टा गरी बाँकी बचत रकम उपभोक्ताको जनश्रमदान भनि बिलको अन्तिम हरफमा उल्लेख गर्नाले उपभोक्ताको यथार्थ जनश्रमदानको यकिन हुन सक्ने अवस्था देखिएन । उपभोक्तासँग गरेका सम्झौतामा न्यूनतम २० प्रतिशत श्रमदान अनिवार्य गरेकोमा उपभोक्ताले ठेकेदारलाई सडक निर्माणको कार्य सवलेटमा दिएकाले श्रमदानको अंश समावेश हुन सक्ने अवस्था देखिएन ।

**ख**) सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(९)(१०) बमोजिम उपभोक्ताबाट सम्पन्न गर्ने गरी सम्झौता भएका निर्माण कार्यमा डोजर,लोडर एक्साभेटर जस्ता हेभी मेशीनहरुको प्रयोग गर्न नमिल्ने तर लागत अनुमान तयार गर्दा नै उक्त मेशीन प्रयोग गर्नुपर्ने प्रकृतिको काम उल्लेख भएका मेशीनको प्रयोग गर्न सकिने उल्लेख छ । यसरी उपभोक्ता समितिले सम्झौताबाट लिएको निर्माण कार्य पुनः सवलेटमा ठेकेदारबाट गराउन सकिने छैन भनी उल्लेख छ । निकायले सिचाई, खानेपानी तथा ग्रामीण सडकका सवैजसो योजनाहरु उपभोक्ता समिति मार्फत गराउन सम्झौता

गरेकोमा ती समितिहरुले आ आफुले जिम्मा लिएका निर्माणका कार्यहरु पुनः निर्माण व्यवसायीसँग सम्झौता गरी मू.अ.कर विजक जारी गरी निर्माण कार्य गराइ मु.अ. कर रकम थप गरी भुक्तानी लिएको अवस्था छ । यस्तो कार्यलाई नियन्त्रण गरिनुपर्दछ ।

४४ **उपभोक्ता समितिलाई ओभरहेड भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समूदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेरमात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । गाउँपालिकाले निम्नानुसारका कार्यमा उपभोक्ता समितिलाई लागत अनुमानमा रहेको १५ % ओभरहेड कट्टि नगरी उपभोक्तालाई बढी भुक्तानी गरेकाले ओभरहेडवापत बढी भुक्तानी भएको रु.१२०३६०९ सम्बन्धित उपभोक्ता समितिबाट असुल गरी दाखिला गर्नुपर्ने रु. १२०३६०९

| सि.नं. | उपभोक्ता समिती | कार्यसम्पन्न रकम | ओभरहेड रकम | श्रमदान कटाई भुक्तानी भएको ओभरहेड रकम |
|---|---|---|---|---|
| **१** | **बर्दगोरिया धाम स्तरोन्नति तथा पूर्वाधार विकास योजना निर्माण उ.स.** | **७७७९४४७.९४** | **१०१४७१०.६०** | **७९९२८७** |
| **२** | **पोखरीको बिचमा मन्दिर निर्माण उ.स.** | **३७५३०६३.१९** | **४८९५२९.९८** | **४०४३२२** |
| **जम्मा** | | | | **१२०३६०९** |

४५ **वितरित भरपाईको आधिकारीकता :** स्वीकृत बजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नु पर्नेमा गाऊपालिकाबाट सञ्चालित वितरणमुखि कार्यक्रम सञ्चालन गर्दा पेश भएका वितरण भरपाईमा मिति समेत खुल्दैन , केहिमा संङख्या किटान नभएको, केहिमा ठेगाना नै नखुलेको तथा केहिमा हस्ताक्षर नै नरहेको समेत पाईयो । साथै अधिकासं भरपाईहरु सादा पानामा तथा गाऊपालिकाले वडा र केन्द्रमा तोकेका कर्मचारीले प्रमाणित गरेको समेत पाईएन । वितरण गरिएका अनुदानका कार्यक्रमबाट खरिद भएका सामानहरु बुझाउदा पहिचान स्पष्ट खुल्ने किसिमका बिलभरपाई तयार गरी सो लाई आधिकारीक व्यक्तिबाट प्रमाणित भई आए पछि मात्र यस्ता अनुदान भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ ।

| गो भौ न /मिति | कार्यक्रमको नाम | कार्यक्रम खर्च |
|---|---|---|
| १६०/२०७५/७/१४ | हिउदे घाँस वितरण ६८० के जी | ९५000.00 |
| १६५/२०७५/७/१४ | आलु बिउ वितरण ९८ क्विन्टल (५0%अनुदान) | २६0000.00 |
| २४७/२०७५/८/१८ | आलु विऊ वितरण १९८० के जी( ५0%अनुदान) | ९९000.00 |
| २६०/२०७५/८/२० | प्याजको विऊ वितरण | ७५000.00 |
| | च्याउको विऊ वितरण २५00 के जी | १00000.00 |
| ४१९/२०७५/१०/२५ | वृद्वहरुलाई कम्मल वितरण १३५ वटा | २४९७४९.00 |
| ४८३/२०७५/११/१४ | वेमौसमी विऊ वितरण | १00000.00 |
| ५४४/२०७५/१२/११ | टियो सोन्टी घासको विऊ वितरण ८६५ के जी | ९५१५0.00 |
| ७२९/२०७६/२/१४ | सुपरनेट झूल वितरण ३६० वटा | १९९३३२ |
| जम्मा | | **१२७३२३१** |

४६. **अनुगमन खर्च** बजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नु पर्नेमा भ्रमण आदेश वेगर विभिन्न समयको अनुगमन खर्च भनि भुक्तान गरेको निम्न बमोजिमको रकम नियम सँगत नदेखिएको रु. ११४८००

| गो.भौ.नं. र मिति | अनुगमन खर्च |
|---|---|
| ४७७/२०७५/११/१२ | ९०००.०० |
| ४८५/२०७५/११/१६ | १६००० |
| ४८६/२०७५/११/१६ | २२८०० |
| ४९५/२०७५/११/१७ | १०००० |
| ६७७/२०७६/१/३१ | १०००० |
| ६०६/२०७७६/१/२ | ४००० |
| ६०५/२०७६/१/२ | ६००० |
| ६०७/२०७६/१/२ | ३००० |
| ६११/२०७६/१/२ | ३००० |
| ६५६/२०७६/१/२४ | २०००० |
| ७८९/२०७६/३/६ | ११००० |
| जम्मा | **११४८००** |

४७. **पदाधिकारी भत्ता:** गाऊपालिकाद्धारा संञ्चालन गरीने सूचनामूलक, प्रवर्धानत्मक कार्यक्रमको उदघाटन समापन जस्ता अनौपचारिक वजेट तथा कार्यक्रमको कार्यान्वयनको सिलसिलामा अध्यक्षता लगाएत सम्मानजक आथित्यता गर्दा पारिश्रमिक भत्ता लिन पाउने व्यवस्था देखिदैन । तर कार्यालयले कृषि गोष्ठिमा सहभागी भए वापत गो भौ न ६८८।२०७६।२।२ बाट रु १९९००। को १५% ले हुने रकम रु २९८५ कट्टी गरी खुद रु १६९१५।भुत्तानी भएको देखिन्छ । ऐन नियममा व्यवस्था नभएको अवस्थामा यसरी लिएको रकम असुल दाखिला हुनुपर्ने रु १६९१५

४८. **प्रशिक्षण भत्ता:** निम्न कार्यक्रममा प्रशिक्षण गरेको आधार तथा प्रमाण वेगर कार्यपत्र समेत संलग्न नगरी प्रशिक्षण भत्ता वापत वुझेको रकम असुल हुनुपर्ने रु ५९१६०

| गो भौ न | कार्यक्रम | सञ्चालन मिति | भत्ता रकम रु | कर कट्टी रु | खुद भुत्तानी रु |
|---|---|---|---|---|---|
| ३५४ | १ दिने जनचेतना घुम्ती तालिम प्रत्येक वडामा १ वटाका दरले ६ वटा | - | ६०००० | ९००० | ५१००० |
| ४९४ | १ दिने कृषि गोष्ठि | - | ९६०० | १४४० | ८१६० |
| जम्मा | | | | | ५९१६० |

४९. **वितरण भरपाई पेश गर्नुपर्ने:** कार्यालयले कृषि वुकलेट प्रकाशन खर्च भनि गो भौ न ३४४ बाट रु ३९०७५।४०। खर्च लेखेको छ । १३०० वटा वुकलेट छपाई विल रहेतापनि वुकलेटको वितरण भरपाई तथा मौज्दात विवरण पेश भएन । अत: वितरण भरपाई तथा मौज्दात विवरण पेश गर्नुपर्ने अन्यथा असुल दाखिला हुनुपर्ने रु ३९०७५.४०

५०. **लक्षित वर्ग कार्यकम:** गाउपालिकाले बजेट खर्च गर्दा विल भरपाई सहितको लेखा राख्नु पर्नेमा नगरपालिका बाट संचालित लक्षित वर्ग कार्यक्रमहरुमा खाना, खाजा विल र यातायात तथा अन्य भत्ता

| | | |
|---|---|---|
| | वितरण गरेको भरपाई पेश गरी खर्च दावि गरेको देखियो । कार्यक्रम सञ्चालनको सम्बन्धि अन्य आवश्यक कार्यक्रम तालिका, सहभागि संख्या, स्थान जस्ता विवरण पेश भएन । बजेट खर्च गर्ने अभिप्रायले मात्र संञ्चालित कार्यकमहरुको खर्च नियम संगत नदेखिएको रु<br><br>**गो भौ न / मिति** \| **कार्यकमको नाम** \| **भुक्तानी भएको रकम**<br>७५/२०७५/६/११ \| तिज चिरैभाग्ना कार्यकम वडा न १ \| ६००००.००<br>८३/२०७५/६/११ \| तिज चिरैभाग्ना कार्यकम वडा न ४ \| ३००००.००<br>७७०/२०७६/२/२६ \| महिलाहरुका लागि सिलाई कटाई तथा व्युटी पार्लर तालिम ३ महिने \| २५००००.००<br>८६६/२०७६/३//२३ \| महिलाहरुका लागि सिलाई कटाई तालिम र मेसिन वितरण कार्यकम \| ३०००००.००<br>जम्मा \| ६४०००० | ६४०००० |
| ५१. | **गाई व्यवस्थापन खच सम्वन्धमा:** गाऊपालिकाले छाडा गाई वस्तु व्यवस्थापनका लागि छाडा गाई वस्तु व्यवस्थापन समितिको निर्णय वमोजिम किसानको साथ कृषि तथा पशुसेवा संस्थाको माध्यम बाट हेरालु खर्च रकम रु १२८८२४३। भुक्तान भएको छ । जुन रकमबाट छाडा चौपाय व्यवस्थापनका लागि खटिने कादारहरुलाई तोकिएको पारिश्रमिक उपलब्ध गराउने गरेको देखियो । छाडा चौपाया विकराल समस्याको रुपमा रहेको यस गाऊपालिकामा आगमी दिनमा व्यवस्थित रुपमा स्थायी संयन्त्र विकास गरेर छाडा गाई वस्तु व्यवस्थापनका सम्वन्धमा उचित निर्णय लिनुपर्ने देखिन्छ । | |
| ५२. | **कर कट्टी:** कार्यालयले गो भौ न ३९३।२०७५।१०।१६ बाट माघि मिलन कार्यकम वापतको खर्च रकम भुक्तानी गरेको छ । उक्त कार्यकममा भत्ता वापत वितरण गरेको ३०५००। मा अग्रिम कर १५% रकम रु ४५७५ कट्टी गरी दाखिला गर्नुपर्नेमा कर कट्टी नगरी रकम भुक्तानी भएको छ । कर वापतको उक्त रकम सम्वन्धित बाट असुल गरी दाखिला हुनुपर्ने रु | ४५७५ |
| ५३. | **दर्ता चलानी सफ्टवेयर:** कार्यालयले गो भौ न ९१७।२०७६।३।२५ बाट दर्ता चलानी सफ्टवेयर खरिद वापतको रकम रु ४७५०००। भुक्तानी गरेको छ । कार्यालयको दर्ता चलानी प्रकृयाको व्यवस्थापनका लागि खरिद गरिएको उक्त सफ्टवेयर हालको दिन सम्म पनि कार्यालय प्रयोजनमा प्रयोग भएको देखिएन । कार्यालय व्यवस्थापनका लागि ल्याइएको उक्त सफ्टवेयरको अविलम्व प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ । | |
| ५४. | **पेश्की दिँदा लागत अनुमान:**<br><br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । त्यस्तै स्वीकृत कार्यक्रम अनुरुप सञ्चालित तालिम, कार्यशाला, गोष्ठी आदि सम्पन्न भइसकेपछि कार्यक्रम अनुरुप कार्य सम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका मालसामानहरुको विवरण तथा विल भरपाईसहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आ.व. ०७५/७६ मा कृषि, शिक्षा, पशु र स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको बखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्नुपर्नेमा निवेदनका आधारमा पेश्की लिने, लिएको पेश्की फछ्र्यौट नगरी पुनः पेश्की दिने आर्थिक वर्षको अन्त्यसम्म कार्यक्रम नगरी पेश्की रहिरहने र बर्षान्तमा मात्र कार्यक्रम गरी पेश्की फछ्र्यौटको लागि पेश गर्ने जस्ता प्रवृत्तिले गर्दा कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु तोकिएको संख्या, नर्म्स र मापदण्ड अनुरुप सञ्चालन नहुने देखिएको छ । तसर्थ मौजुदा नियम, निर्देशिका र कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गरी लक्षित वर्गलाई लाभान्वित तुल्याउने र खर्चमा मितव्ययीता ल्याउनेतर्फ कार्यालयले ध्यान पुऱ्याउनु | |

| | | |
|---|---|---|
| | पर्दछ । | |
| ५५. | **सामाजिक सुरक्षा कार्यक्रमः**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ बमोजिम प्रत्येक स्थानीय तहले मन्त्रालयको स्वीकृति बिना कुनैपनि प्रकारका सामाजिक सुरक्षा भत्ता नगद वितरण गर्न नपाइने र प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सबै लक्षित वर्ग तथा समूहको तथ्याङ्क केन्द्रीय पञ्जिकरण विभागको MIS systemमा Online प्रविष्टी गरी अद्यावधिक गरेको तथ्याङ्कको आधारमा नजिकको बैंकको शाखाबाट खाता सञ्चालन गरी वितरण गर्नुपर्ने व्यबस्था छ । | |
| | (क) गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण अद्यावधिक गरेको देखिएन भने तीन वटै चौमासिकको सामाजिक सुरक्षा भत्ता रकम नगदमा बुझाएको देखियो । उल्लेखित अवस्थामा सामाजिक सुरक्षा भत्ता बितरणमा दुरुपयोग हुन सक्ने देखिएकोले व्यबस्थापन पक्षले लाभग्राहीहरुको मुल अभिलेख अद्यावधिक, सो को नविकरण, लगत कट्टा, बितरण प्रणाली र बैंक खाता सञ्चालन लगायत तोकिएका अन्य कार्यहरुलाई बिश्वसनीय र भरपर्दो बनाउनुपर्ने देखिन्छ । बैंकमा खाता खोली बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्दछ । | |
| | (ख) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को बुँदा नं.११ अनुसार सामाजिक सुरक्षा सम्बन्धी अनुसूची ८, ९, १०, ११ र १२ तयार गरी सोको आधारमा भत्ता खर्च लेख्नुपर्ने व्यवस्था उल्लेख छ । सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको परिचयपत्र सहितको नामावली अद्यावधिक नहुँदा भत्ता पाउने उचित व्यक्ति छुट वा अर्को व्यक्तिले दोहोरो भत्ता भुक्तानी लिई खर्चमा अनियमितता हुन जाने सम्भाव्यता विद्यमान रहन्छ । गाउँपालिकाको निम्न वडाहरुमा दोहोरो भत्ता वितरण गरेको देखिएकाले उक्त दोहोरो परेको भत्ता सम्बन्धित वडा सचिबलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने देखियो । निर्देशिकाले व्यवस्था गरे अनुसार सबै अनुसूचीको भिडान गरी सामाजिक सुरक्षा भत्ता खर्च लेख्ने, अघिल्लो चौमासिकमा भएको नविकरण, लगत कट्टाको अभिलेखलाई अद्यावधिक गरेर मात्र अर्को चौमासिकको किस्ता भुक्तानी गर्नुपर्नेमा सो वेगर भुक्तानी भएको छ रु. | |
| | **आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्यौंट गरिसक्नुपर्ने व्यबस्था भएता पनि देहायबमोजिम आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु फछ्यौंट गरेको प्रमाण पेश नभएकोले बेरुजु कायम गरिएको छ ।** | |
| | **गाउँपालिका चालु** | |
| ५६. | **गो.भौ.नं. ६१८,६१९ - २०७६।१।२३** इन्धन (कार्यालय प्रयोजनबाट) खर्च शिर्षकबाट महिला स्वास्थ्य स्वयंसेविका कार्यकर्ताहरुलाई यातायात खर्च र खाजा खर्च भुक्तानी रु.३१३००।- नियमित गर्नुपर्ने रु. | ३१३०० |
| ५७. | **गो.भौ.नं. ६२१ - २०७६।१।२३** इन्धन (कार्यालय प्रयोजनबाट) खर्च शिर्षकबाट नयाँ वर्षको शुभकामना प्रकाशन वापत नेपाल राष्ट्रिय शिक्षक शिक्षक संगठनलाई भुक्तानी रु.१००००।- नियमित गर्नुपर्ने रु. | १०००० |
| ५८. | **गो.भौ.नं. ९६४- २०७६।३।२८** मसलन्द तथा कार्यालय सामग्री खर्च शिर्षकबाट ओप्पो मोबाइल खरिद गरेको नियमित गर्नुपर्ने रु.. | ३६००० |
| ५९. | **गो.भौ.नं. ९७० - २०७६।३।२८** सोल्टा चिसापानी ऱ्याफ्टिङ समितिलाई बिल भरपाईबेगर भुक्तानी दिएको रकम नियमित गर्नुपर्ने रु. | २००००० |
| | **स्थानीय पूर्वाधार विकास कार्यक्रम** | |
| ६०. | **गो.भौ.नं. १०८ - २०७५।१२।१३** हात्तीपाइले रोग औषधी सेवन कार्यक्रम खर्च रु.३९४०००।- भएकोमा रु.४६२२५।- को विल भरपाई संलग्न नरहेको रु. | ४६२२५ |
| ६१. | **गो.भौ.नं. १७७।१७८-** शिक्षण सिकाई तथा बुक कर्नर क्रियाकलापबाट शिक्षक तलब भत्ता भुक्तानी गरिएको रु.४४६३२३।- नियमित नभएको रु. | ४४६३२३ |

अनुसूची १

## बर्दगोरिया गाउँपालिकाको संचित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूजीँगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | बर्दगोरिया गाउँपालिका | कैलाली | ११४७० | १०८३३२ | ७८८५४ | १५०९७७ | ३३८१६३ | १९७३८० | १२१०५३ | ८२३८ | ३२६६७१ | २२९६२ |

अनुसूची-२

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की | | |
| | | सै. | ल. | रकम | सै. | ल. | रकम | सै. | ल. | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेस्की | अन्य पेस्की | जम्मा |
| १ | बर्दगोरिया गाउँपालिका | ४२ | १९ | १२०१९ | ० | ० | ० | ४२ | १९ | १२०१९ | १२८४ | २८७९ | ७८५६ | ० | ० | १०७३५ | ० | ० | ० |

अनुसूची-३

## अद्यावधिक बेरुजू स्थिति
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत बर्षसम्मको बाँकी | यो वर्षको फर्छ्यौट | बाँकी | यो वर्ष सं.प.बाट कायम भएको बेरुजू | यो वर्षको बेरुजू | कुल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | बर्दगोरिया गाउँपालिका | कैलाली | ८२९२ | ३९८ | ७८९४ | ० | १२०१९ | १९९१३ |